गाँउ कार्यपालिकाबाट स्वीकृत मिति
२०७८।०३।०९

अरुण गाँउपालिका

# लैङ्गिक हिसा निवारण कोष (सञ्चालन) कार्यविधि २०७८

लैङ्गिक हिंसामा परेका पिडित तथा प्रभावितहरुको तत्काल उद्धार राहत तथा पुनस्थापना गरी महिला हिंसा बिरुद्ध हुने सबै प्रकारको भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनिय बनाई प्रभावित व्यक्तिहरुलाई उचित क्षतिपुर्ति दिलाउने साथै स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षाको अवसर दिलाई लैगिंक समानता कायम गर्न सहयोग पुग्ने उदेश्यले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ र लैगिंक हिंसा निवारण कोष (दोस्रो संसोधन) नियमवली २०७६ को मुल निशयमवलीको नियम ३ (ख) ले दिएको आधिकार प्रयोग गरी अरुण गाँउपालिकाले देहायका नियमहरु बनाएको छ ।

**१. सक्षिप्त नाम तथा प्रारम्भ :**

(१) यस कार्यविधीको नाम **"लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यदिधि २०७८"** अरुण गाँउपालिका रहेको छ ।

(२) यो कार्यविधी गाँउ कार्यपालिकाले परित गरेपछि लागु हुनेछ ।

**२. परिभाषा : बिषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा :**

(क) "कार्यालय" भन्नाले अरुण गाँउकार्यपालिकाको कार्यालय सम्फनु पर्छ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिम लैङ्गिक हिंसा निवारण कोष सम्फनु पर्छ ।

(ग) "पिडित" भन्नाले लैङ्गिक हिंसाबाट पिडित वा प्रभावित व्यक्ति सम्फनु पर्छ ।

(घ) "समिति" भन्नाले नियम ७ बमोजिमको स्थानिय तत्काल उद्धार तथा राहत समिति सम्फनु पर्छ ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीति जन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्फनु पर्छ ।

(च) "नियमवली" भन्नाले लैङ्गिक हिंसा निवारण कोष(सञ्चालन) नियमवली २०६७ र लैङ्गिक हिंसा निवारण कोष(सञ्चालन) नियमवली (दोस्रो संसोधन) २०७६ सम्फनु पर्छ ।

(छ) "कार्यविधी" भन्नाले अरुण गाँउपालिकाले जारी गरेको लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि २०७८ सम्फनु पर्छ ।

**३. कोषको स्थापना :**

(१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) गाँउपालिकाले कोष परिचालनका लागि छुट्टयाइको रकम,

(घ) बिदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,



अरुण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्याउली, भोजपुर १ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

(ङ) स्वदेशी व्यक्ति वा संघ संस्थावाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम

(३) उपदफा (१) बमोजिमका रकम गाँउपालिकाले कुनै बाणिज्य बैकमा खाता खोली जम्मा गर्नेछ ।

(४) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको सयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**४. कोषको उपयोग :**

महिला हकहितको क्षेत्रमा गाँउपालिकाले आवाश्यकता अनुसारको रकम कोषमा जम्मा गर्नुपर्नेछ ।

**५. कोषको उपयोग :**

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिने छ ।

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधी उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कानुनी साहायता, मनौबैज्ञानिक उपचार तथा मनोबिमर्श प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि व्यवसाय स्थापना खर्च रकम अनुदानको रुपमा प्रदान गर्न,

(च) पीडितलाई पुनर्स्थापना गराउन,

(छ) गाँउपालिका बिपक्षी भएको लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसुरबाट पीडितले प्रचलित कानुन बमोजिम कसुरदारहरुवाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कसुरदारको कुनै सम्पत्ति नभएको कारणवाट प्राप्त गर्न सक्ने नदेखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपुर्ति स्वरुप भराउन ।

(ज) पीडितको लागि समितिले तोके बमोजिमको अन्य कार्यहरुमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकताका दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

(१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

**७. स्थानिय तत्काल उद्धार तथा राहत समितिको गठन :**

(१) लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) (दोस्रो संसोधन) नियमवली, २०७८ को नियम २ को उपनियम २ खण्ड ग(१) बमोजिम कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने कामकाजका लागि एक स्थानिय तत्काल उद्धार तथा राहत समिति रहने छ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

क. उपाध्यक्ष - संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत – संदस्य

प्रमुख प्रशासकीय अधिकृत

ग. जिल्ला प्रशासन कार्यालयको अधिकृत वा सो कार्यालयले तोकिएको व्यक्ति – संदस्य

घ. प्रहरी कार्यलय वा स्थानिय प्रहरी चौकी प्रमुख – संदस्य

ङ. स्वास्थ्य शाखा प्रमुख – संदस्य

च. लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैह्र सरकारी संस्थाहरु मध्येबाट स्थानिय तत्काल उद्धार तथा राहत समितिले तोकेको प्रतिनिधी एक जना – संदस्य

छ. सामाजिक बिकाश शाखा – संदस्य

ज. महिला तथा बालबालिका शाखा – संदस्य–सचिव

८. **समितिको काम कर्तव्य :**

(१) स्थानिय तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहायका बमोजिमको हुनेछ ।

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

(ख) राहत तथा आर्थिक सहयोग सदुपयोग भए नभएको सम्वन्धमा नियमन,अनुगमन गर्ने वा गराउने ।

(ग) लैगिंक हिंसा हुन नदिनका लागि स्थानिय स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

(घ) स्थानिय स्तरमा लैगिंक हिंसा निवारणको क्षेत्रमा कार्यरत बिभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने ।

(ङ) स्थानिय स्तरमा लैगिंक हिंसामा परेका महिला, किशोरी तथा बालबालिकाको तत्काल उद्धार तथा संरक्षण गर्ने वा गराउने ।

(च) गाँउपालिका भित्र घटेका लैगिंक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने वा गराउने ।

(छ) कोष बृद्धिको लागि श्रोतको खोजी गर्ने ।

(ज) लैगिंक हिंसा निवारण सम्बन्धि अन्य कामहरु गर्ने वा गराउने ।

९. **समितिको बैठक :**

(१) कोषको सञ्चालन तथा व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेका मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा चौबिस घण्टा अगाडि समितिका सदस्य–सचिवले बैठकमा छलफल हुने गरि कार्यसुची सहितको सुचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य सख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।



प्रमुख प्रशासकिय अधिकृत

(७) समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी, विषय विज्ञ वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन तथा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको बैठक सम्बन्धि अन्य व्यवस्था समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ।

**१०. कोषको रकम उपलब्ध गराउने :**

पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि गाँउपालिकाले कोषको नाममा रकम निकाशा दिनेछ।

**११. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आकार :**

(१) यस कार्यविधी बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको आधारमा देहायका रकम नबढ्ने गरी उपलब्ध गराइनेछ :

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनवाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तिन सय रुपैया र बास बस्नुपर्ने भएमा सो वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाका दरले बढीमा पाँच हजार रुपैया,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउदा जादा सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तिन सय रुपैया, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोवास खर्च वापत प्रतिदिन पाँच सय रुपैया र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँच सय रुपैयामा नबढ्ने गरी लागेको यथार्थ खर्च, पीडित संग आश्रित बालवालिका भए बालवालिकाका लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ।

(ग) कानुनी साहायता, मनोवैज्ञानिक उपचार वा मनोवैज्ञानिक उपचार वा मनोबिमर्शका लागि अन्यत्र प्रेषण पाँच हजार रुपैयामा नवढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि बिउ, पूजीको रुपमा बस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा तिस हजार रुपैया,

(ङ) पुनस्थापनाको लागि बढीमा पाँच हजार रुपैया,

(२) उपदफा (१) बमोजिमको रकम अर्प्याप्त भएको मनासिब आधार र प्रमाण सहितको कुनै पीडितले कार्यालयमा निबेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्ता पीडितलाई दुई हजार रुपैयामा नबढ्ने गरि मनासिव रकम थप गरी दिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल बाहिर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ।

**१२. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निबेदन दिनु पर्ने :**

(१) यस कार्यविधी बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई तोकिएको ढाँचामा कार्यालयमा निबेदन दिनुपर्नेछ।



प्रमुख प्रशासकिय अधिकृत

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले नियम ११ को अधिनमा रहि पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने छ ।

**१३. तत्काल रकम उपलब्ध गराउन सक्ने :**

(१) यस कार्यबिधीमा अन्यत्र जेसुकै कुरा लेखिएको भएता पनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापनां वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानविय क्षति हुने देखिएमा समितिको संयोजकले सो प्रायोजनको लागि कोषबाट पन्ध्र हजार रुपैयामा नबढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अबस्था परी समितिको अध्यक्षले पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइए पछि बस्ने समितिको बैठकबाट सो बिषयमा अनुमोदन गराउनु पर्नेछ ।

**१४. थप रकम निकासा माग गर्न सक्ने :**

(१) समितिबाट गाँउपालिकाको नाममा निकासा भएको रकम अपर्याप्त भएमा गाँउपालिकाले सो कारण खुलाई समिति सग थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा समितिले गाँउपालिकाको आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकाशा दिन सक्नेछ ।

(३) लैगिंक हिंसा पीडित वा प्रभाबित परिवारलाई तत्काल उद्धार तथा राहत प्रदान गर्दा कोषमा भएको रकम भन्दा बढी खर्च भएमा मनासिव कारण र प्रमाण खुलाई केन्द्रिय तत्काल उद्धार तथा राहत समितिमा थप खर्च भएको रकम माग गर्न सक्नेछ ।

**१५. छुट्टै खाता खोल्नु पर्ने :**

स्थानिय तहले समितिबाट प्राप्त भएको रकम कार्यालयको नाममा कुनै बाणिज्य बैकमा छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ ।

**१६. कोषको लेखा र लेखापरीक्षण :**

(१) कोषको आय व्यायको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखापरीक्षकबाट हनेछ ।

**१७. आवर्ति (रिभल्भीङ) कोष :**

यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

**१८. प्रतिबेदन पेश गर्ने :**

(१) समितिले प्रत्येक चौमासिक तथा बार्षिक रुपमा समितिबाट भए गरेका काम कारवाहीको प्रतिबेदन कार्यापालिका र केन्द्रिय तत्काल उद्धार तथा राहत समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) समितिले आर्थिक बर्ष समाप्त भएको एक महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक बर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिबेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) स्थानिय तहले उपदफा (२) बमोजिमको प्रतिबेदन सार्वजनिक गर्न सक्नेछ ।



प्रमुख प्रशासकिय अधिकृत

१९. **बैठक भत्ता :**

समितिका अध्यक्ष तथा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत कानुन बमोजिमको रकम वैठक भत्ता वापत पाउनेछन् ।

२०. **निर्देशन दिन सक्ने :**

कार्यापालिकाले समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक पर्ने निर्देशन दिन सक्नेछ ।

**अनुसुची**

**(नियम १२ को उपनियम १ संग सम्बन्धित)**

श्री अध्यक्ष ज्यु

स्थानिय तत्काल उद्धार तथा राहत समिति

.......................................................

**बिषय : सहयोग उपलब्ध गराई पाउँ ।**

म.................................................................. मा वस्ने बर्ष ................ को ........................ मिति........................ मा लैगिंक हिंसाबाट पिडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैगिंक हिंसा ............................... भएको कारणले मेरो मानसिक/शारिरिक/सामाजिक अबस्था कमजोर भई अशक्त अबस्थामा रहेको हुनाले मलाई औषधी उपचार/ कानुनी साहायता एंव परामर्श/उद्धार/मनोबिमर्श/स्वरोजगार/पुनर्स्थापना/ अन्य ............................... कामको लागि सहयोगको आबश्यकता परेको हुदा स्थानिय लैगिंक हिंसा निवारण कोषबाट नियमअनुसार सहयोग रकम उपलब्ध गराईदिनुहुन यो निबेदन पेश गरेको छु ।

**निबेदक :**

नाम, थर ....................................................................

ठेगाना ....................................................................

दस्तखत ....................................................................

मिति ....................................................................

प्रमुख प्रशासकिय अधिकृत

अरुण गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर
१ नं. प्रदेश, नेपाल

आज्ञाले,
बिनोद कुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७७/०३/१०